# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# WOMI Laghubitta BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

भरतपुर-१२, चितवन, फोन नं.: ०५६-५२०४०६ फ्याक्स: ०५६-५२०४०८

ईमेल : womimf@hotmail.com वेबसाईट: www.womimfi.com

## Unaudited Financial Results (Quarterly)

## As on 30th Chaitra, 2075 of the Fiscal Year 2075/76

(Rs. in '000')

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **1,831,710** | **1,603,334** | **1,300,633** |
| 1.1 | Capital | 101,088 | 101,088 | 77,760 |
| 1.2 | Reserve and Surplus | 94,142 | 75,546 | 54,753 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 930,439 | 791,408 | 692,736 |
| 1.5 | **Deposits (a+b)** | **562,394** | **508,307** | **402,771** |
| | a. Member | 562,394 | 508,307 | 402,771 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 19,221 | 11,251 | 12,647 |
| 1.7 | Other Liabilities | 124,425 | 115,734 | 59,965 |
| 2 | **Total Assets (2.1 to 2.6)** | **1,831,710** | **1,603,334** | **1,300,633** |
| 2.1 | Cash and Bank Balance | 10,357 | 7,753 | 5,981 |
| 2.2 | Money at Call and Short Notice | 89,210 | 77,167 | 99,467 |
| 2.3 | Investments | 1,000 | 1,000 | 1,000 |
| 2.4 | **Loans and Advances** | **1,672,683** | **1,469,697** | **1,154,334** |
| 2.5 | Fixed Assets | 20,953 | 19,579 | 18,353 |
| 2.6 | Other Assets | 37,507 | 28,138 | 21,499 |
| 3 | **Profit and Loss Accounts** | | | |
| 3.1 | Interest Expenses | 186,749 | 119,154 | 118,954 |
| 3.2 | Interest Expenses | 96,469 | 60,907 | 59,467 |
| | **A. Net Interest Income (3.1 to 3.2)** | **90,279** | **58,246** | **59,487** |
| 3.3 | Fees, Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 38,690 | 24,838 | 30,255 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **128,969** | **83,084** | **89,743** |
| 3.6 | Staff Expenses | 38,959 | 26,253 | 28,203 |
| 3.7 | Other Operating Expenses | 15,452 | 9,493 | 11,097 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **74,558** | **47,339** | **50,443** |
| 3.8 | Provision for Possible Losses | 4,080 | 6,085 | 5,373 |
| | **D. Operating Profit (C-3.8)** | **70,478** | **41,254** | **45,070** |
| 3.9 | Non Operating Income/Expenses | - | - | - |
| 3.10 | Write Back of Provision | - | - | 1,303 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **70,478** | **41,254** | **46,372** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **70,478** | **41,254** | **46,372** |
| 3.12 | Provision for Staff Bonus | 6,407 | 3,750 | 4,216 |
| 3.13 | Provision for Tax | 19,221 | 11,251 | 12,647 |
| | **G. Net Profit/Loss (F-3.12-3.13)** | **44,849** | **26,253** | **29,510** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.08% | 12.47% | 11.93% |
| 4.2 | Non Performing Loan(NPL) to Total Loan | 0.70% | 0.73% | 0.76% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 219.91% | 257.54% | 226.24% |
| 4.4 | Cost of Fund | 10.93% | 10.94% | 10.71% |

**Interest rate on Deposit and Loan & Advance**

Saving Deposit: 5% to 13.50%    Loan: 16% to 19%

**नोट** : सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न दिएमा परिष्कृत वित्तीय विवरणहरुमा फरक पर्न सक्नेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३

अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७५/०७६ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु (आवश्यकता अनुसार वार्षिकिकरण गरिएको)

| प्रतिशेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. ५९.१६ | १९.०७ गुणा | रु. १९३.१३ | रु. १८१२ | १७.७० % |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुरुप सन्तोषप्रद रहेको छ ।

(ख) नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरमा कार्यक्षेत्र विस्तार गर्न स्वीकृति प्राप्त यस वित्तीय संस्थाले लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण क्षेत्रमा लघुवित्त सेवा पुऱ्याउने उद्देश्य अनुरुप शाखा विस्तार गरी हाल देशका ३३ जिल्लामा ४६ वटा शाखा कार्यालयहरु मार्फत ३०,१८३ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस वित्तीय संस्थाले छरिएर रहेको बचत संकलन गर्दै लघुवित्त तथा लघुउद्यम जस्ता उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ अग्रसर रहेको छ । समय सापेक्ष सदस्यको चाहना अनुसार सेवा तथा सुविधाहरु परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

(ग) लघु वित्तीय क्षेत्रमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, बैंक तथा वित्तीय संस्थाहरुले कर्जामा लिने ब्याजदरको उतार चढाव एवं वित्तीय बजारमा ऋण लगानी योग्य रकमको अभाव, लघुवित्त कार्यक्रम सञ्चालनका लागि खर्चिनु परेको बढ्दो वित्तीय लागत जस्ता कारकहरुले कारोबारलाई असर पार्न सक्दछ तथापी वित्तीय संस्थाले जोखिम न्यूनिकरण गर्ने तवरले व्यवस्थापन गर्दै आएको कारण तात्विक असर पर्ने देखिदैन ।

(घ) यस वित्तीय संस्था र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिने सम्बन्धमा समझदारी पत्रमा (Memorandum of Understading) हस्ताक्षर भै नेपाल राष्ट्र बैंकमा आवश्यक प्रक्रियाका लागि निबेदन पेश गरिएको छ । यस वित्तीय संस्था र नागरिक लघुवित्त वित्तीय संस्था लिमिटेड बिच मर्जर गरी संस्थालाई अझ सबल, सक्षम र प्रतिस्पर्धी बनाउने लक्ष्य लिइएकोछ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा यस संस्थाले वा संस्था विरुद्ध कुनै मूद्दा दायर नभएको ।

(ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी सम्बन्धी कुनै मुद्दा दायर नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

(क) शेयरको मुल्य तथा कारोवार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा संस्था तथस्ट छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभुत सूचना प्रचलित ऐन नियमको परिधि भित्र रही प्रवाहित गर्ने गरेको छ ।

(ख) यस अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोबार भएको दिन तथा कारोबार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु. १२२८ | रु. १०६५ | रु. ११२८ | ३५ | ८३४ |

यस वित्तीय संस्था र नागरिक लघुवित्त वित्तीय संस्था बीच गाभ्ने/गाभिने सम्बन्धमा भएको समझदारी अनुसार यस वित्तीय संस्थाको शेयर कारोबार मिति २०७५/११/२६ गतेदेखि रोक्का रहेको छ ।

**५. समस्या तथा चुनौती :**

विभिन्न लघुवित्त संस्थाहरुको बढ्दो उपस्थिति सँगै कार्यक्रममा देखिएका दोहोरोपनाको समस्या, कार्यालयहरु ग्रामिण क्षेत्रमा सञ्चालन गरिएका र आगामी दिनमा समेत सोही बमोजिमका क्षेत्रमा कार्यक्रम विस्तार गर्ने रणनीति लिइएको हुँदा कर्मचारी उत्पादकत्वमा असर पर्न सक्ने तथा बैक तथा वित्तीय संस्थाहरु मार्फत विपन्न वर्ग कर्जा सापटी रकमको सहज उपलब्धताको आँकलन गर्न नसकिने प्रबृत्तिले कार्यक्रम विस्तारमा समस्या तथा चुनौती सामना गर्नुपर्ने सम्भावना देखिन्छ । त्यस्तै, तिब्र रुपमा लघुवित्त संस्था स्थापनाको क्रमले प्रतिस्पर्धि जनशक्ती टिकाउने चुनौती तथा भरपर्दो वित्तीय श्रोतको अभाव हुन सक्ने प्रबृत्तिले कार्यक्रमको दिगोपनामा चुनौती श्रृजना हुने देखिन्छ । तमाम समस्या तथा चुनौतीहरुका वावजुद यस संस्थाले विभिन्न बैकल्पिक श्रोतका उपायहरु तथा प्रतिस्पर्धि प्रोडक्टहरुको आधारमा लघुवित्त क्षेत्रमा नयाँपनको शुरुवात गरी उचित रणनीतिका साथ सबल ढंगले कार्यक्रम सञ्चालन गर्न सफल भएको छ ।

**६. संस्थागत सुशासन :**

नियमनकारी निकायहरुसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न यो वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहदै आएको छ । संस्थाको आन्तरिक नियन्त्रण व्यवस्थाको लागि संचालक समिति अन्तर्गत विभिन्न समितिहरु क्रियाशील रहेका छन् । साथै वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि आदी तर्जुमा गरी लागु गरिएको छ । साथै, आन्तरीक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकले स्थलगत तथा गैर स्थलगत निरीक्षबाट दिएका सल्लाह तथा सुझाबहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उतरदायित्व लिन्छु । साथै, मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।